आज मिति २०८१ साल असार ९ गते आइतबारको दिन यस गाउँपालिकाका श्रीमान् अध्यक्ष लक्ष्मी देवी पाण्डे ज्यूको अध्यक्षतामा हुप्सेकोट गाउँपालिका, गाउँसभाको पाँचौं अधिवेशन तपसिल बमोजिमको उपस्थितिमा बसी देहाय अनुसारको निर्णय गरियो ।

<u>उपस्थिती</u>

श्री लक्ष्मी देवी पाण्डे - श्रीमान् अध्यक्ष
श्री पूर्ण सिं राना मगर - उपाध्यक्ष
श्री रेवती सारु - गाउँसभा सदस्य
श्री प्रेम बहादुर घर्ती - गाउँसभा सदस्य
श्री कृष्ण बहादुर थापा - गाउँसभा सदस्य
श्री बिष्णु राना मगर - गाउँसभा सदस्य
श्री महेन्द्र पाण्डेय - गाउँसभा सदस्य
श्री पदम बहादुर राना मगर - गाउँसभा सदस्य
श्री छम बहादुर सोमै मगर - गाउँसभा सदस्य
श्री उर्मिला महतो - गाउँसभा सदस्य
श्री बिनीसरा ढेगा - गाउँसभा सदस्य
श्री तुलीसरा सोमै - गाउँसभा सदस्य
श्री मोतीलाल कुमाल - गाउँसभा सदस्य
श्री कृमान सिं बि.क. - गाउँसभा सदस्य
श्री युवराज मल्ल ठकुरी - गाउँसभा सदस्य
श्री दुमीसरा वि.क. - गाउँसभा सदस्य
श्री बुद्धिमान तमाङ्ग - गाउँसभा सदस्य
श्री कृष्ण बहादुर सोमै मगर - गाउँसभा सदस्य
श्री रेलमाया मिधुन थापा - गाउँसभा सदस्य
श्री लिला बहादुर ठाडा मगर - गाउँसभा सदस्य
श्री श्याम कुमारी दमै - गाउँसभा सदस्य
श्री देवीमाया दमिनी - गाउँसभा सदस्य
श्री यम बहादुर रजाली मगर - गाउँसभा सदस्य
श्री गंगा प्रसाद वयम्बु - गाउँसभा सदस्य
श्री शोभा मल्ल - गाउँसभा सदस्य

हुप्सेकोट गाउँपालिका, गाउँसभाको मिति २०८१।०३।०९ गते बसेको बैठकको निर्णय माइन्यूट

**निर्णय नं. १ - आर्थिक २०८१।०८२ को नीति तथा कार्यक्रम सम्बन्धमा।**

हुप्सेकोट गाउँपालिका, गाउँकार्यपालिकाबाट स्वीकृत भई पेश हुन आएको आर्थिक वर्ष २०८१।०८२ को तपशिल बमोजिमको नीति तथा कार्यक्रम सभा समक्ष पेश भई सभाका सदस्यज्यूहरुबाट प्राप्त सुझाव सहित स्वीकृत गरियो।

**तपशिल:**

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु,**
संघीय लोकतान्त्रिक गणतन्त्रको उदयपछिको शासन व्यवस्था मार्फत दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लक्ष्य हासिल गर्न हुप्सेकोट गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा खुसी व्यक्त गर्दछु।

लोकतन्त्र, अग्रगामी परिवर्तन तथा हालसम्मको राजनीतिक उपलब्धीका लागि पटक पटकको ऐतिहासिक जनआन्दोलन, त्याग, संघर्ष र जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता पारिएका, द्वन्द्व पिडीत, घाईते तथा अपाङ्गता हुनु भएका योद्धाहरु प्रति उच्च सम्मान सहित स्मरण गर्दछु।

स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको दुई वर्ष पुरा भएको छ। यस अवधिमा यस गाउँपालिकाको सुशासन, विकास र सेवा प्रवाहमा सहयोग पुऱ्याउने संघ तथा प्रदेश सरकार, राष्ट्रसेवक कर्मचारी, सम्पुर्ण गाउँबासी एवम् सरोकारवाला निकायलाई हुप्सेकोट गाउँपालिका धन्यवाद ज्ञापन गर्दछ।

अब म यस गरिमामय सभामा चालु आर्थिक वर्ष २०८०/०८१ को उपलब्धी सार संक्षेपमा प्रस्तुत गर्दछु:-

- गाँउपालिका र सम्पुर्ण वडाको सेवा प्रवाह आफ्नै प्रशासनिक भवनबाट भइरहेको छ।
- यस गाउँपालिकाबाट सञ्चालित हुप्सेकोट प्राविधिक शिक्षालयबाट न्यून शुल्कमा बालीविज्ञान तथा पशुविज्ञानको तीन वर्षे डिप्लोमा कोर्स अध्यापन गरिदै आएको छ।
- माध्यमिक तहमा पढ्दै कमाउदै, पढाई सँगै सीप विकास कार्यक्रम संचालन मार्फत विद्यार्थीहरुमा वित्तीय पहुँच वृद्धि भएको छ।

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दुम्किबास, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश नेपाल २०७३

हुप्सेकोट गाउँपालिका, गाउँसभाको मिति २०८१।०३।०९ गते बसेको बैठकको निर्णय माइन्यूट

- मातृशिशु स्याहार कार्यक्रम मार्फत बालमृत्युदर र मातृमृत्युदरलाई न्युनिकरण गरिएको छ ।
- विभिन्न अस्पतालहरु तथा स्वास्थ्य सेवा प्रवाह गर्ने संस्थाहरु संगको समन्वयमा विशेषज्ञ सेवा मार्फत यस गाउँपालिकाका विभिन्न स्थानमा समय समयमा स्वास्थ्य शिविर सञ्चालन गरि अधिक जनसङ्ख्या लाभान्वित भएका छन्।
- लैंगिक विभेद न्यूनीकरणका लागि **हाम्रो छोरीको सुनौलो भविष्य** कार्यक्रम मार्फत बालिकाहरु लाभान्वित भएका छन् ।
- यस गाउँपालिकाको विकट भौगोलिक क्षेत्रमा स्वच्छ र सुरक्षित खानेपानीको वितरणको लागि एक घर एक धारा, मुहान संरक्षण, WASH कार्यको निरन्तरता, लिफ्टिङ परियोजना, खानेपानीको व्यवस्थित उपयोगको लागि मिटर जडान, स्थलगत तालिम लगायतका कार्यक्रम सञ्चालन गरिएको छ ।
- जेष्ठ नागरिक सेवा केन्द्र संचालनमा ल्याई अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम मार्फत सामाजिकीकरणको अभ्यासलाई आत्मसात गरिएको छ।
- कृषिजन्य उत्पादनलाई प्रोत्साहन गर्नका लागि वडा नं १ को बेलवामा **कोल्ड स्टोर** र वडा नं १ कै जुगेपानीमा **नवप्रवर्तन कृषि उपज संकलन केन्द्र** निर्माण गरिएको छ । हुप्सेकोट गाउँपालिका वडा नं १ को जुगेपानीलाई **तरकारी पकेट** क्षेत्रको रुपमा विकास गरी व्यवसायिक उत्पादनलाई प्रोत्साहन गरिएको छ ।
- पशुपालनलाई प्रोत्साहन गर्नका लागि पशु बीमा, पशु सुत्केरी स्याहार, बाँझोपन निवारण शिविर, दुधमा अनुदान लगायतका क्रियाकलापहरु सञ्चालन गरिएको छ ।
- पर्यटन प्रवर्द्धनका क्षेत्रमा ऐतिहासिक रुद्रपुरगढीमा फुट ट्रेल, बसेनि झरनामा पहुँच मार्गको निर्माण कार्य सम्पन्न गरिएको छ ।
- अनलाईन पद्धति मार्फत विद्युतिय सेवा प्रवाहलाई निरन्तरता दिईएको छ ।
- प्रदेश सरकारको सहयोग र यस गाउँपालिकाको समन्वयमा बाढीबाट हुने सम्भावित विपद् जोखिम न्युनीकरणका लागि गिरुबारी खोला र गाउँपालिकाको लगानीमा पत्थर खोलामा तटबन्धन कार्य सम्पन्न गरिएको छ ।
- संघ सरकार र हुप्सेकोट गाउँपालिकाको समन्वयनमा गिरुबारी खोलाको दुर्गेबैरेनीमा मोटरेवल पुल निर्माण र वडा नं ५ र ६ मा २ वटा झोलुङ्गे पुल निर्माण अन्तिम चरणमा रहेको छ ।

**लक्ष्मी देवी पाण्डे**
**अध्यक्ष**

हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुम्हालपास, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

## हुप्सेकोट गाउँपालिका, गाउँसभाको मिति २०८१।०३।०९ गते बसेको बैठकको निर्णय माइन्यूट

- मातृशिशु स्याहार कार्यक्रम मार्फत बालमृत्युदर र मातृमृत्युदरलाई न्युनिकरण गरिएको छ।
- विभिन्न अस्पतालहरु तथा स्वास्थ्य सेवा प्रवाह गर्ने संस्थाहरु संगको समन्वयमा विशेषज्ञ सेवा मार्फत यस गाउँपालिकाका विभिन्न स्थानमा समय समयमा स्वास्थ्य शिविर सञ्चालन गरि अधिक जनसङ्ख्या लाभान्वित भएका छन्।
- लैंगिक विभेद न्यूनीकरणका लागि **हाम्रो छोरीको सुनौलो भविष्य** कार्यक्रम मार्फत बालिकाहरु लाभान्वित भएका छन्।
- यस गाउँपालिकाको विकट भौगोलिक क्षेत्रमा स्वच्छ र सुरक्षित खानेपानीको वितरणको लागि एक घर एक धारा, मुहान संरक्षण, WASH कार्यको निरन्तरता, लिफ्टिङ परियोजना, खानेपानीको व्यवस्थित उपयोगको लागि मिटर जडान, स्थलगत तालिम लगायतका कार्यक्रम सञ्चालन गरिएको छ।
- जेष्ठ नागरिक सेवा केन्द्र संचालनमा ल्याई अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम मार्फत सामाजिकीकरणको अभ्यासलाई आत्मसात गरिएको छ।
- कृषिजन्य उत्पादनलाई प्रोत्साहन गर्नका लागि वडा नं १ को बेलवामा **कोल्ड स्टोर** र वडा नं १ कै जुगेपानीमा **नवप्रवर्तन कृषि उपज संकलन केन्द्र** निर्माण गरिएको छ। हुप्सेकोट गाउँपालिका वडा नं १ को जुगेपानीलाई **तरकारी पकेट** क्षेत्रको रुपमा विकास गरी व्यवसायिक उत्पादनलाई प्रोत्साहन गरिएको छ।
- पशुपालनलाई प्रोत्साहन गर्नका लागि पशु बीमा, पशु सुत्केरी स्याहार, बाँझोपन निवारण शिविर, दुधमा अनुदान लगायतका क्रियाकलापहरु सञ्चालन गरिएको छ।
- पर्यटन प्रवर्द्धनका क्षेत्रमा ऐतिहासिक रुद्रपुरगढीमा फुट ट्रेल, बसेनि झरनामा पहुँच मार्गको निर्माण कार्य सम्पन्न गरिएको छ।
- अनलाईन पद्धति मार्फत विद्युतिय सेवा प्रवाहलाई निरन्तरता दिईएको छ।
- प्रदेश सरकारको सहयोग र यस गाउँपालिकाको समन्वयमा बाढीबाट हुने सम्भावित विपद् जोखिम न्युनीकरणका लागि गिरुबारी खोला र गाउँपालिकाको लगानीमा पत्थर खोलामा तटबन्धन कार्य सम्पन्न गरिएको छ।
- संघ सरकार र हुप्सेकोट गाउँपालिकाको समन्वयनमा गिरुबारी खोलाको दुर्गेबैरेनीमा मोटरेवल पुल निर्माण र वडा नं ५ र ६ मा २ वटा झोलुङ्गे पुल निर्माण अन्तिम चरणमा रहेको छ।

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ठुलाचौर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश नेपाल
२०७३

- विकास आयोजनामा सम्बन्धीत उपभोक्ता तथा सामुदायिक क्षेत्र लगायतको लागत साझेदारिमा योजना कार्यान्वयन गर्ने गरिएको छ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

हुप्सेकोट गाउँबासीहरुको विकासको तीव्र चाहाना, चालू आ.व.का अधुरा कार्यक्रम, यस गाउँपालिकामा क्रियाशिल राजनीतिक दल, विज्ञ तथा सरोकारवालाहरुले दिएको सकारात्मक सुझाव, जनप्रतिनिधि द्वारा मुखरित जनभावनालाई आत्मसात गर्दै गाउँपालिकाको नीतिगत दिशानिर्देश आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्दछु।

**आर्थिक विकास**

**१.१ कृषि तथा खाद्य सुरक्षा**

१. आधुनिक कृषि प्रविधि अवलम्वन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै कृषिमा आधारित उद्योग सञ्चालन गर्ने वातावरण सिर्जना गरिनेछ।

२. भिरालो जमिनमा खेती प्रणाली Slopping Agricultural Land Technology (SALT) प्रणाली अवलम्वन गरी भू-क्षय र मलिलो माटो नास हुनबाट जोगाइनेछ।

३. कृषकहरुलाई व्यवसायमुखी बनाउन हुप्सेकोट वडा नं १, जुगेपानीमा कृषि उपज संकलन केन्द्र प्रयोगमा ल्याइनुका साथै शीत भण्डारको सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।

४. कृषि उत्पादनमा जैविक तथा वानस्पतिकजन्य मल तथा औषधीको प्रयोगलाई बढावा दिदै अर्गानिक खेती प्रणालीलाई प्रोत्साहन गर्दै आगामी ३ वर्ष भित्र गाउँपालिकामा कृषी प्रणालीमा विषादीको प्रयोगलाई शुन्यमा झार्ने नीति लिईनेछ। साथै कृषि फर्म, व्यवसायी र कृषकहरुबिच नियमित समन्वय र अन्तरक्रिया बढाइनेछ।

५. गाँउपालिका भित्र उत्पादन हुने गहत, सिल्टुङ्ग, सामा काउनो, जुनेलो, थारु आलु, अनदि/जर्नेली,गौरी, झिनुवा धानका रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन गरिनेछ।

६. **"फर्क युवा गाउँमा, उद्यम गरौ यहि ठाउँमा"** भन्ने मुल नाराका साथ युवाहरुलाइ स्वरोजगारमुलक कृषि व्यवसायमा संलग्न हुने वातावरण सिर्जना गर्दै कृषी पेशामा युवालाई दिगो रुपमा आवद्धता गराउनका लागी कृषिमा यान्त्रिकीकरण, आधुनिकीकरण, विविधीकरण तथा बजारीकरण गरी कृषी पेशालाई सम्मानजनक मर्यादित पेशा वनाउन पहल गरिनेछ।

CamScanner

७. रोपणमा आधारित फलफूल खेतीमा अनुदान, मागमा आधारित बीउ, विभिन्न जातको उन्नत बीउ बिजनमा ५०% सहुलियत अनुदान, टनेल, तरकारी र नर्सरी स्थापनाका लागि अनुदान र तालिमको व्यवस्था मिलाइनेछ ।

८. काँक्राको बीउ उत्पादन गरी व्यवसायीकरण गर्न सम्बन्धित निकायसँग सहकार्य गरिनेछ।

९. किसान सुचीकरण कार्यक्रमलाइ निरन्तरता र किसान सेवा कार्ड कार्यक्रमलाई प्रयोगमा ल्याइनेछ।

१०. यस गाउँपालिका भित्र प्रत्येक वडाहरुमा कृषि र पशु क्षेत्रका विशिष्ट उत्पादनका क्षेत्रहरुको पहिचान गरि एक वडा एक उत्पादन कार्यक्रम संचालनमार्फत कृषि तथा पशु पकेट क्षेत्रका रुपमा विकास गर्दै लगिने गाउँपालिकाको नीति रहनेछ ।

११. कृषकहरुलाई आर्थिक रुपमा सहज वातावरण वनाउनका लागि वैंकहरुसंग सहकार्य गरि किसान क्रेडिट कार्ड लागु गरिनेछ।

१२. यस गाउँपालिका भित्रका व्यवसायिक कृषकको पहिचान र सम्मानका लागि RAW (Revolutionary Agriculture War) कार्यक्रमसंग यस गाउँपालिका भित्रका कृषकलाई आवद्ध गरि कृषी र कृषकको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पहिचान स्थापित गराउने नीति यस गाउँपालिकाको रहनेछ ।

१३. यस गाउँपालिका भित्र रहेका व्यवसायिक अगुवा कृषकहरुलाई अन्य स्थानमा भएका कृषिसँग सम्वन्धित ज्ञान, सिप र प्रविधिका वारेमा जानकारी प्रदान गर्नका लागि अध्ययन अवलोकन भ्रमण गराईनेछ ।

१४. गाउँपालिका भित्रका किसानहरुको सहजताको लागि **हुप्सेकोट किसान कल सेन्टर** स्थापना गरि सहज सेवा प्रदान गरिनेछ ।

## १.२ पशु विकास

१. स्थानीय कुखुराको व्यवसायिक उत्पादन वृद्धि गर्नका लागि **एक वडा एक फर्म कार्यक्रम** संचालन गरिनेछ साथै मासु र दुग्ध जन्य पदार्थको उत्पादनमा दिइने अनुदानलाई निरन्तरता दिई यस वर्ष देखि महको उत्पादनमा वृद्धि गर्न मौरीपालक कृषकलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ ।

२. **"स्वस्थ पशु: स्वच्छ उत्पादन"** को नारा सहित घर दैलो उपचार सेवाको व्यवस्था मिलाउदै पशुमा निःशुल्क कृत्रिम गर्भाधान सेवाको माध्यमबाट उन्नत नश्ल सुधारको कार्यक्रम सञ्चालन गरिनेछ।

३. पशुपालक कृषकहरुको क्षमता विकास गर्न तालिम , अन्तरकृया र प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ। पशुमा लाग्ने आकस्मिक रोगको निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ।

CamScanner

हुप्सेकोट गाउँपालिका, गाउँसभाको मिति २०८१।०३।०९ गते बसेको बैठकको निर्णय माइन्यूट

**१.३ पर्यटन, संस्कृति तथा सम्पदा**

१. यस गाँउपालिकामा पर्यटन प्रवर्द्धन गर्न वडा नं. ५ रुद्रपुरगढीमा फुट ट्रेल निर्माणको कार्यलाइ निरन्तरता दिँदै पोखरी र झरनाखोलामा संचालनमा आएका होमस्टेलाई उचित व्यवस्थापन गरिनेछ।

२. विभिन्न झरनाहरुको संरक्षण तथा प्रचार प्रसार गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ।

३. तुलनात्मक लाभको क्षेत्रको रुपमा रहेको पर्यटन विकासको लागि पर्यटकीय सम्भावना बोकेका प्राकृतिक, ऐतिहासिक, धार्मिक , पुरातात्विक एवं साँस्कृतिक क्षेत्रहरुको पूर्वाधार विकासका कार्यहरु अगाडि बढाइनेछ। गाउँपालिका भित्रका उपयुक्त स्थानमा पिकनिक स्पोर्ट र ग्रिन पार्क क्षेत्र तोकी सो क्षेत्रको विकास गरिनेछ।

४. पर्यटन प्रवर्द्धनका लागि सरोकारवाला निकाय ,गैर सरकारी संस्था ,संघ संस्था , निजी लगानीकर्तासँग आवश्यक समन्वय तथा सहकार्य गरी स्थानीय नागरिकको प्रत्यक्ष सहभागिता हुने व्यवस्था मिलाइनेछ।

५. पर्यटन प्रवर्द्धन गर्न गाँउपालिकाकामा कार्यरत कर्मचारीहरुलाई आवश्यक कानुनी प्रवन्ध गरि पर्यटन काजको व्यवस्था मिलाइनेछ।

६. अत्यधिक बाहुल्यता रहेको मगर लगायतका अन्य जातिहरुको संस्कृति, भेषभुषा, परम्परा र मौलिकता प्रवर्द्धनका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७. समाजमा विद्यमान सबै प्रकारका छुवाछुत र भेदभावजन्य क्रियाकलापमा शून्य सहनशीलताको नीति अवलम्वन गर्दै दलित सशक्तिकरण, मुल प्रवाहिकरणमार्फत सामाजिक एकता र सद्भावसहितको समतामूलक समाज निर्माण गरिनेछ।

८. धार्मिक एवं पर्यटकीय महत्व बोकेका ठाउँहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरि उक्त क्षेत्रहरुलाई योग साधना र पिकनिकस्थल संचालन गर्ने केन्द्रको रुपमा विकास गरिनेछ।

९. स्थानीय मौलिक संस्कृति प्रवर्द्धन गर्न ऐतिहासिक थुम्किदेवि मन्दिर देखि विष्णुधामसम्म विशेष महत्वको दिनमा बाजाजात्रा गरिनेछ।

१०. पौराणिक महत्व बोकेको शंखदेवीको उचित संरक्षण र पर्यटन प्रवर्द्धन गर्नका लागि ठुलो शंख निर्माण गर्न पहल गरिनेछ।

११. हुप्सेकोट गाँउपालिका वडा न ५ को पहारेवसेनी (परेखथान) र वडा न ६ को कृष्ण ढुंगा हुँदै रमिते डाँडा क्षेत्रमा निजि क्षेत्रसँग सहकार्य गरी रक क्लाइम्विङको माध्यमबाट साहसिक पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ।

**१.४ उद्योग, व्यापार तथा व्यवसाय**

CamScanner

हुप्सेकोट गाउँपालिका, गाउँसभाको मिति २०८१।०३।०९ गते बसेको बैठकको निर्णय माइन्यूट

१. गाउँपालिकामा उद्योग व्यवसाय प्रवर्द्धनको लागि औद्योगिक ग्राम स्थापनाको कार्य अगाडि बढाइनेछ।
२. उद्योग र व्यावसायीहरुलाई व्यावसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत CSR मा गर्नु पर्ने खर्चलाई अनिवार्य वनाईनेछ।
३. गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत् नागरिकको आयआर्जन वृद्धि गर्नका लागि डोको वुन्ने, मुडा वनाउने, सिलाई कटाई, वुटिक, साईकल मर्मत तालिम, मोटर साईकल मर्मत तालिम, मोवाईल मर्मत तालिम लगायतका अन्य प्रत्यक्ष रोजगारी सिर्जना गर्ने खालका कार्यक्रमहरु लाई CTEVT संगको समन्वयमा LEVEL अनुसारका तालिमहरु प्रदान गरिनेछ।
४. संघ र प्रदेशसँगको सहकार्यमा स्थानीय मदिरालाई आधुनिक प्रविधिबाट सुधार गरी ब्रान्डिङ गर्ने कार्यका लागि सम्भाव्यता अध्ययन गरिनेछ।
५. गाँउपालिकामा प्रशस्तै मात्रामा पाइने महको वजारीकरणको लागि विशेष व्यवस्था गरिनेछ।
६. जंकफुडलाई निरुत्साहन गर्न पोषिलो पिठो (सातु) र मोहिको प्रयोग गर्न प्रोत्साहन र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

**१.५ भूमि व्यवस्था, सहकारी तथा वित्तिय सेवा**

१. आर्थिक विकासको संवाहकको रुपमा रहेको सहकारीलाई शिक्षा, तालिम र अध्ययन अवलोकनका माध्यमबाट संस्थागत क्षमता विकास र सहकारी सम्बन्धी जनचेतना अभिवृद्धि गरी कृषि र पोषण लगायतका अन्य उत्पादन र सेवामा आधारित सबै प्रकारका क्षेत्रमा सहकारीलाई क्रियाशील तुल्याउदै लगिनेछ।
२. महिला, गरिब, सीमान्तकृत, अपाङ्ग, भूमिहिन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पँहुच अभिवृद्धि गरिनेछ।
३. सहकारीहरुमा निर्दिष्ट मुल्य र सिद्धान्तहरुको अभ्यास गराँउदै प्रभावकारी नियमन मार्फत वित्तिय सुशासन कायम गर्दै लगिनेछ।
४. सरकारी, निजी क्षेत्र र सहकारी बीचको सहकार्य र साझेदारीमा उत्पादन तथा रोजगारी सिर्जनालाई जोड दिइनेछ।
५. विभिन्न वित्तीय क्षेत्रसँगको सहकार्यमा आयआर्जनसँग सम्बन्धित कार्यक्रम संचालन गर्न पहल गरिनेछ।
६. स्थानीय स्तरमा उत्पादन हुने तेजपात ,अदुवा, तरुल, टिम्बुर ,कफी, मह र बेसार जस्ता वस्तुको प्रशोधनको व्यवस्था मिलाई बिक्री गर्ने व्यवस्था मिलाइनेछ। साथै सामुहिक अम्रिसो खेतीलाई प्रोत्साहन, संरक्षण र प्रर्वद्धन गरिनेछ।

CamScanner

७. संघ र प्रदेश सरकारसँग सहकार्य गरी आलु र तरकारी पकेट क्षेत्र विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८. स्थानीय उत्पादन (माछा, मासु, अण्डा, तरकारी, खाद्यान्न, दूध, दही,तरुल आदि) लाई प्रबर्द्धन र बजारीकरण गर्न सहकारी, समुदाय र निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

९. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको सम्बन्धीत क्षेत्रको नापजाँच लगायत जग्गा प्राप्तिको कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ।

## १.६ श्रम, रोजगारी तथा गरिबी निवारण

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा गाउँपालिकाको लागत साझेदारी कायम गरिनेछ। वडा स्तरमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रवर्द्धन र भौतिक पुर्वाधारको समेत विकास गरिनेछ। त्यस्तै गाउँपालिका स्तरीय र वडा स्तरीय आयोजनामा समेत रोजगार सेवा केन्द्र मार्फत श्रमिकको आपुर्ति गरिनेछ। यस्ता साझेदारीमा आवश्यक कार्यविधि बनाएर श्रमिकको ज्याला खर्च प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत र अन्य निर्माण सामाग्री तर्फको खर्च गाउँपालिकाबाट हुने व्यवस्था मिलाईनेछ।

२. गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रबाट प्रदान गरिने सेवाप्रवाहको दायरा विस्तार गर्दै श्रम, आन्तरिक रोजगार एवम् वैदेशिक रोजगारीका क्षेत्र जस्ता विविध विषयलाई समेत एकद्वार प्रणाली मार्फत एकृकित सेवा प्रदान गरिनेछ।

३. यस गाउँपालिकाको रोजगार रणनीति तयार गरी स्थानीय क्षेत्रको आन्तरिक रोजगारीको क्षेत्र पहिचान गरि युवालाई रोज़गारी आबद्ध बनाउँदै लगिनेछ।

४. वैदेशिक रोजगारीबाट फर्किएकालाई उनीहरुको सीप र क्षमताको स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक समन्वय गरिनेछ।

५. स्थानीयस्तरमा रोजगारीको प्रवर्द्धनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ। बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन तथा विश्लेषण गरी सो को सूचना प्रवाह गरिनेछ।

६. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतको कार्यलाई सहजीकरण गरी प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ।

CamScanner

हुप्सेकोट गाउँपालिका, गाउँसभाको मिति २०८१।०३।०९ गते बसेको बैठकको निर्णय माइन्यूट

७. स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारीको प्रत्याभूति गराउनका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरि श्रममूलक योजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभूति गराइने छ।

८. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्यक सीपमूलक जनशक्ति पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ।

आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिईनेछ। 'युवा तथा शिक्षित बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संलग्न गराउने साथै स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।'

९. संयुक्त राष्ट्रसंघले निर्धारण गरेका दिगो विकासका लक्ष्य र सूचकहरुलाई आन्तरिकीकरण र स्थानीयकरण गर्दै गरिबी निवारण र रोजगारी सिर्जना गर्ने कार्यक्रममा जोड दिइनेछ।

१०. वैदेशिक रोजगारीलाइ सुरक्षित, मर्यादित र भरपर्दो बनाउन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सुरक्षित आप्रवासन (Safer Migration) कार्यक्रम सँग समन्वय र सहकार्य गरिनेछ।

**क. सामाजिक विकास**

**१.१ स्वास्थ्य**

१. हुप्सेकोट गाउँपालिका भित्रका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई जनचेतना मुलक स्वास्थ्य सेवा प्रवाहका साथै मासिक प्रतिवेदन,खोपतथा गाउँघर क्लिनिक संचालनमा सहयोग बापत. प्रोत्साहन रकम उपलब्ध प्रदान गरिनेछ ।

२. सेवाको पहुँच बाट टाढा रहेका समुदायमा आँखा शिविर, पाठेघर परिक्षण शिविर, मुटुरोग, मधुमेह लगायतका रोग सम्बन्धी निःशुल्क शिविर संचालन गर्ने व्यवस्था मिलाइनेछ।

३. ७० वर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई घरमै गई स्वास्थ्य परिक्षण गर्नका लागि कार्यक्रम संचालन गरिनेछ।

४. यस गाउँपालिका भित्रका ६० वर्ष माथिका एवं १० वर्ष सेवा पुऱ्याएका सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकहरुलाई सम्मान जनक बिदाई एवं प्रोत्साहन रकमको व्यवस्था मिलाइनेछ।

५. हुप्सेकोट गाउँपालिका भित्रका एचआइभि/एड्स संक्रमणबाट प्रभावितका लागि पोषिलो आहार वितरणको व्यवस्था मिलाइने छ।

६. गाउँपालिका मातहत संचालनमा रहेको देउराली प्राथमिक अस्पतालमा रहेको प्रयोगशालाको स्तरउन्नती गर्दै लगिनेछ।

**१.२ पोषण**

CamScanner

हुप्सेकोट गाउँपालिका, गाउँसभाको मिति २०८१।०३।०९ गते बसेको बैठकको निर्णय माइन्यूट

१. सुनौलो हजार दिनको आमा (गर्भवती तथा सुत्केरी), ५ वर्ष मुनिको बालबालिका र किशोरीहरुको पोषण अवस्थामा सुधार ल्याउनका लागि संघीय सरकारको वजेटका अलवा यस गाउँपालिकावाट पनि थप रकम विनियोजन गरि २०८७ भित्र गाउँपालिकालाई पोषण मैत्री घोषणा गरि सक्ने गरि कार्यक्रमहरु संचालन गरिनेछ ।

२. गाउँपालिका भित्रको पोषण सुधार गर्न गाउँपालिकाको प्रत्येक घरमा १ घर १ करेसाबारी निर्माण गर्ने कार्यलाई गाउँवासिको सहयोगमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ । पोषण मैत्री कार्यक्रमहरुलाई अन्य योजना/कार्यक्रमसँग जोडी मुलप्रवाहीकरण गर्दै लगिनेछ ।

३. पोषणको अवस्थालाई सुधार गर्न Junk Food प्रयोग, मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं रैथाने स्वास्थ्यवर्धक खाद्य पदार्थको उत्पादन गर्नका लागि यस गाउँपालिका भित्र रहेका महिला सहकारीहरु मार्फत पोषिलो पिठो उत्पादन कार्यक्रम संचालन गरिनेछ ।

**१.३ शिक्षा, विज्ञान तथा साहित्य**

१. न्यूनतम सेवा मापदण्डको आधारमा विद्यालयको सर्वेक्षण र स्तरीकरण गरी आवश्यकताको आधारमा शैक्षिक गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरिनेछ । साथै विद्यालय शैक्षिक व्यवस्थापनमा सुधार ल्याउन कार्यसम्पादन परिक्षणको व्यवस्था गरिनेछ ।

२. आधारभूत तहसम्मको शिक्षा अनिवार्य एवं निःशुल्क पाउने बालबालिकाको संवैधानिक अधिकारलाई सुनिश्चित गर्न दरबन्दी कम भएका विद्यालयमा स्वयंसेवक शिक्षकको व्यवस्थालाई निरन्तरता दिइनेछ । ।

३. बालबालिकामा जीवनउपयोगी सीपको विकास तथा उद्यमशील भावनाको विकास गर्न विगतका वर्षदेखि सञ्चालन गर्दै आएको "**पढाइ सँगै सीप विकास"** कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

४. विद्यालयमा कार्यरत कर्मचारी, बालविकास सहयोगीलाई प्रदान गर्दै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिईनेछ ।

५. शैक्षिक गुणस्तर सुधारका लागि सामुदायिक विद्यालयमा विद्यालय समायोजन, दरबन्दी मिलान, विद्यालय कर्मचारी एवं प्रधानाध्यापक व्यवस्थापन जस्ता कार्यलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । साथै शिक्षाको प्रभावकारी योजना निर्माण गरी गुणस्तरीय, सीप एवम् संस्कारयुक्त र उद्यमशिल शिक्षा दिई दक्ष जनशक्ति विकास गरिनेछ ।

६. विद्यालयको सिकाइको अवस्था सुधारका लागि करार शिक्षक तथा कर्मचारीलाई प्रोत्साहित गर्न शिक्षक कर्मचारी कल्याणकारी कोष सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ ।

CamScanner

हुप्सेकोट गाउँपालिका, गाउँसभाको मिति २०८१।०३।०९ गते बसेको बैठकको निर्णय माइन्यूट

७. सामुदायिक विद्यालयका गरिब तथा विपन्न छात्रछात्रालाई प्रदान गरिने छात्रवृति कार्यक्रमलाई निरन्तरता दिइनेछ । संस्थागत विद्यालयले प्रदान गर्नुपर्ने १० प्रतिशत छात्रवृतिको कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित गर्न नियमित अनुगमन र नियमन गरिनेछ ।

८. विद्यालयको शिक्षण सिकाइ वातावरण सुधार गर्न **"भौतिक वातावरण सुधार र शिक्षण सिकाइ वातावरण सुधार, "विद्यालय सुधार सिकाइ परियोजना"** कार्यक्रम सञ्चालन गरिनेछ ।

९. बालबालिकाको घरमा सिकाइको वातावरण निर्माण गर्न र विद्यालयमा समुदायको अपनत्व बढाउन समुदाय सहभागिता र अभिभावक शिक्षालाई निरन्तरता दिईनेछ । साथै विभिन्न आमा समुह लगायतका सामुदायिक संस्था मार्फत **टोल शिक्षा कार्यक्रमलाई** प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

१०. प्राविधिक ज्ञान सीपसँग सम्बन्धित दक्ष जनशक्ति उत्पादनका लागि सञ्चालित हुप्सेकोट प्राविधिक शिक्षालयलाई थप सुदृढीकरण गरिनेछ ।

११. सामुदायिक विद्यालयको शैक्षिक स्तर वृद्धि गर्नका लागि समुदायका विषयगत योग्यता भएका र ईच्छुक व्यक्तिहरूलाई स्वयंसेवकको रुपमा परिचालन गरी घुम्ती शिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । यस अभियानमा नमुना कक्षा सञ्चालन, शैक्षिक सामाग्री निर्माण र प्रयोग, विज्ञ सुझाव संकलन लगायत गतिविधि सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१२. विद्यालय र बालबालिकाको सिकाइको वास्तविक अवस्था पहिचानको लागि कक्षा ५,७ र ९ मा **सिकाइ उपलब्धि मापन परीक्षा** सञ्चालन गरिनेछ ।

१३. हरित विद्यालयको अवधारणा र विद्यालयको स्वच्छ वातावरण निर्माण तथा बालबालिकाको सिर्जनात्मक क्रियाकलापको अभिवृद्धिका लागि प्रत्येक विद्यालयमा क्रमशः **बालउद्यान निर्माण** गरिदै लगिनेछ ।

१४. बालबालिकाको सिकाइमा सुधार ल्याउन **युएसएआईडी** (USAID) प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. आधारभूत विद्यालयलाई प्रविधियुक्त बनाइ सिकाइमा प्रविधिको प्रयोगमा जोड दिइनेछ।

१६. खेलकुद र ललितकलाको विकासका लागि विद्यालयमा घुम्ति खेल शिक्षक र संगीत शिक्षकको व्यवस्था मिलाइनेछ ।

१७. विद्यार्थीलाई वैज्ञानिक सोच, आविष्कार र नवप्रवर्तनात्मक सोच सीप अभिवृद्धिका लागि बृहत् विशेषतः विज्ञान, गणित लगायतका अन्य विषयको **शैक्षिक सामग्री प्रदर्शनी मेलाको** आयोजना गरिनेछ । यसलाई गाउँपालिका र अन्तर स्थानीय तह बीच सिकाइ मेलाको रुपमा सञ्चालन गरिनेछ ।

CamScanner

१८. लिडर तथा फिडर स्कुलको अवधारणालाई कार्यान्वयन गरी शैक्षिक सुधारको लागि विद्यालय तहबाट नै **समस्या समाधानमा आधारित सिकाइ** कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

१९. विद्यालयमा शिक्षण सिकाइको वातावरण सुधार र अनुभव आदान प्रदान गर्न अंग्रेजी, गणित, विज्ञान, नेपाली र सामाजिक विषयको **विषयगत शिक्षक समूह गठन एवं परिचालन** गरिनेछ।

२०. संघ र प्रदेश सरकारसँगको सहकार्यमा यस गाउँपालिका क्षेत्रमा **एक सामुदायिक कलेज** सञ्चालनमा ल्याउन पहल गरिनेछ।

२१. बालबालिकाको स्वास्थ्यलाई मुख्य प्राथमिकतामा राखी पोषणयुक्त र स्वास्थ्यवर्द्धक खानालाई प्रोत्साहन गर्दै विद्यालय दिवा खाजा र विद्यालय क्यानटिनमा प्रयोग गरिने खाजामा पत्रु खाना (जंकफुड) निषेध गरिनेछ । साथै स्थानीय स्तरमा उत्पादित खाद्यान्नलाई विद्यालयमा दिवा खाजाको रुपमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

२२. बालविकास शिक्षकलाई तालिम र उपयुक्त शैक्षिक सामग्रीको व्यवस्था गरी प्रारम्भिक बालविकास कक्षालाई स्तरीकरण र व्यवस्थित बनाइनेछ।

२३. पठन संस्कृतिको विकास गरी शैक्षिक गुणस्तर सुधार गर्न शिक्षक र विद्यार्थीमा **"सिक्न र सिकाउनका लागि पढौं "**भन्ने पठनसीप विकास कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ।

२४. सामुदायिक विद्यालयको सुधारको लागि सबै विद्यालयका प्रधानाध्यापकसँग विद्यालय विकास प्रस्ताव माग गरी कार्यसम्पादन करार सम्झौता गरिनेछ। साथै कुनै विद्यालयमा ५ वर्ष शिक्षण गरेका शिक्षकलाई अर्को विद्यालयमा शिक्षण अनुभव हस्तान्तरण गर्ने व्यवस्था मिलाईनेछ।

२५. वृत्ति विकास र सिकाईका लागि विद्यालय र विश्वविद्यालयमा अध्यापन तथा अध्ययनरत प्राध्यापक र विद्यालयका शिक्षक र विद्यार्थीबीच अनुभव आदानप्रदान तथा कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ।

२६. आधारभूत शिक्षाबाट वन्चित भएका वा थप शिक्षा लिन ईच्छुक व्यक्तिका लागि आवश्यकता अनुसार अनौपचारिक शिक्षा साथै साक्षरता र निरन्तरता शिक्षा कार्यक्रम सञ्चालन गरी सबै साक्षर गराइनेछ।

२७. अभिभावकविहिन बालबालिका तथा सडक बालबालिकाको पहिचान गरी तिनीहरुको संरक्षक गाउँपालिका बन्नेछ। त्यस्ता बालबालिकाको पठनपाठनको लागि आवश्यक प्रबन्ध गरिनेछ।

२८. विगत वर्ष देखिनै २ वटा वडामा आवासिय विद्यालय सञ्चालन गरिएकोमा विद्यालयका छात्राबासमा बस्ने गरिब तथा विपन्न विद्यार्थीहरुलाई आवश्यक सुविधाको व्यवस्था मिलाईनेछ। साथै अन्य वडामा पनि आवश्यकताको आधारमा संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा आवासिय विद्यालय सञ्चालनको व्यवस्था मिलाउनको लागि पहल गरिनेछ।

CamScanner

२९. संस्कार युक्त शिक्षा र योग शिक्षाको माध्यमबाट शिक्षक र विद्यार्थिहरुमा नैतिक शिक्षा विकासमा जोड दिइनेछ।

३०. बालबालिका तथा युवाहरुलाई लोकसेवा र शिक्षक सेवा तयारी कक्षा सञ्चालन गरी सरकारी सेवामा आकर्षित गर्न प्रोत्साहन गरिनेछ । साथै संघ र प्रदेश सरकार एवं अन्य संघसंस्थासँग सहकार्य र समन्वयमा विभिन्न सीप विकास तथा Career Guidance जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

३१. हरेक वडामा सामुदायिक सिकाइ केन्द्र सञ्चालन गरी विभिन्न सीपमुलक र जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ। नागरिकहरुमा पढ्ने बानीको विकास गर्न हरेक वडामा सामुदायिक पुस्तकालय क्रमशः सञ्चालन गर्दै लगिनेछ।

३२. स्थानीय भुगोल, परिवेश, संस्कार, ज्ञान, सीप, विभिन्न जातजातिका भाषा र संस्कृति, जडिबुटि, वनजङ्गल, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तु स्थानीय पाठ्यक्रममा (कक्षा १-८) समावेश गरी यथार्थ वस्तुस्थितिको बारेमा अध्ययन /अध्यापन कार्य गरिनेछ ।

३३. गाँउपालिकाभित्रका सामुदायिक विद्यालयबाट १२ कक्षा उत्तिर्ण ६ जना विद्यार्थिहरुलाई वडा सचिवको सहायकको रुपमा न्युनतम पारिश्रमिक दिइ पेड इन्टर्नशिपको व्यवस्था मिलाइनेछ।

३४. प्रत्येक विद्यालयहरुमा सिकाई प्रणालीमा आर्टिफीसील ईन्टलिजेन्स (AI) को प्रयोगमा जोड दिईनेछ

**१.४ खानेपानी, सरसफाइ तथा स्वच्छता**

१. हुप्सेकोट गाउँपालिका अन्तर्गत खानेपानीको सुविधा नपुगेको क्षेत्रमा सुरक्षित, स्वच्छ र सर्वसुलभ खानेपानीको आपूर्ति व्यवस्थालाई सुनिश्चित गर्न पानीका मूल, श्रोत तथा सीमसार क्षेत्रको संरक्षण, संवर्द्धन तथा दिगो उपयोग, लिफ्टिङ परियोजना कार्यक्रमको लागि आवश्यकतानुसार संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्यमा गरिनेछ ।

२. **एक घर एक धारा** पुऱ्याउने कार्यलाई निरन्तरता दिइनेछ ।

३. गाउँपालिकाको पहाडी भेगमा नमुना जुठेल्नो निर्माण गरि फोहर तथा खेर गईरहेको पानीको उचित प्रयोग गरिनेछ ।

४. नेपाल सरकारको सन् २०३० सम्ममा **सबैका लागि र सधैंका लागि** पूर्ण सरसफाई हासिल गर्ने लक्ष्यलाई स्थानीयकरण गर्दै लगिनेछ ।

५. फोहरमैला ब्यबस्थापन गर्नको लागि ल्याण्डफिल्ड साइड निर्माणको लागि पहल गरिनेछ।

CamScanner

६. फोहरलाई वर्गीकरण गर्दै जैविक मल, पुनःप्रयोग गर्ने तथा प्लाष्टिकजन्य पदार्थको उपयोगमा न्यूनीकरण गरिनेछ ।

७. संघीय सरकारबाट प्राप्त विशेष अनुदान अन्तर्गतको रुद्रपुर खानेपानी Scheme 3 अन्तर्गत पोखरीसम्म पानीको व्यवस्था मिलाई सम्बन्धित क्षेत्रका हरेक घरमा खानेपानी आपुर्तिको सुनिश्चितता गरिनेछ ।

८. हुप्सेकोट शहरी खानेपानी Scheme 2 को माध्यमबाट छिमेकी नगरपालिकाका हसौरा र छिपछिपे लगायतका क्षेत्रमा विस्तार गरी ट्रिटमेन्ट प्लान्ट सहितको व्यवस्थित खानेपानीको लागि पहल गरिनेछ।

**१.५ महिला, बालबालिका तथा समाज कल्याण**

१. महिला, दलित, अल्पसंख्यक अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक,सामाजिक, सशक्तिकरणका लागि विभिन्न सचेतनामूलक र अभियानात्मक कार्यक्रम संचालन गर्नुका साथै **बीउपूँजी टेवा** सहितका सीपमूलक तालिमहरु संचालन गर्नुका साथै एकल महिला पाठशाला कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. गृहिणी महिलाहरुलाई आत्मनिर्भर बनाउनका लागि **गृहिणी महिला स्वरोजगार** कार्यक्रम संचालनमा ल्याइनेछ ।

३. हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्न घरेलु र लैङ्गिक हिंसा जन्य घटनाहरुबाट सिर्जित असरको न्यूनीकरण गरी प्रभावितहरुलाई सामाजिक न्यायको प्रत्याभूति दिलाउन **अल्पकालीन आश्रय सहितको सेवा केन्द्र** स्थापना तथा संचालनका लागि पहल गरिनेछ ।

४. हिंसा पिडितहरुलाई तत्कालिन आधारभुत आवश्यकता पुरा गर्न लैंगिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ ।

. अपाङ्गता भएका व्यक्तिहरुले व्यवसाय दर्ता गर्न चाहेमा व्यवसाय दर्तामा छुट दिनुका साथै अपाङ्गता भएका व्यक्तिहरुले संचालन गरेको व्यवसायलाई प्रवर्द्धन र प्रोत्साहन गर्नका लागि आर्थिक सहयोगको व्यवस्था मिलाइनेछ ।

'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गरिदैं आएको निःशुल्क बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ । अपाङ्गता भएका व्यक्तिहरु र अपाङ्गता भएका अभिभावकका सन्ततिलाई उच्च शिक्षा हासिल गर्नका लागि सहयोग उपलब्ध गराइनेछ।

गाउँपालिकाका सबै वडामा ज्येष्ठ नागरिकहरुको दिनचर्यालाई सहज र सरल बनाई एक्लोपना र नैराश्यता कमी ल्याउन दिवा सेवा केन्द्र स्थापना तथा स्तरोन्नति गरी यसलाई ज्येष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभव नयाँपुस्तामा हस्तान्तरण गर्ने केन्द्रको रुपमा विकास गरिनेछ ।

CS CamScanner

३. गाउँपालिका स्तरीय युवा परिषद ऐन तथा युवा सहभागिता कार्यविधि निर्माण गरी युवाको क्षमता , दक्षता र उद्यमशिलता विकास गर्दै विकास निर्माणमा युवाको सहभागिता सुनिश्चितता गर्ने प्रणाली विकास गरिनेछ।
४. युवाको शारीरिक तथा मानसिक विकासको लागि गाउँपालिका तथा वडा स्तरमा विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ।
५. हरेक विद्यालयमा आवश्यक खेलकुद सामग्रीको प्रबन्ध गरी सबै बालबालिका र युवाले आफ्नो रुचि अनुसारको खेलमा सहभागिता क्षमता विकास गर्ने मौका सिर्जना गरिनेछ।
६. विभिन्न उमेर समुहका मानिसहरुको शारीरिक र मानसिक स्वास्थ्यको विकास गर्न गाउँपालिका भित्रको उपयुक्त स्थानमा खुला व्यायामशालाको निर्माण गरिनेछ।
७. युवाहरुलाई खेलप्रति आकर्षित गर्न कभर्ड हल निर्माणको लागि जग्गा प्राप्तिको प्रक्रिया प्रारम्भ गरिनेछ। बेलुवामा रहेको कभर्डहललाई नियमित उर्जा आपुर्तिको व्यवस्था गरिनेछ।
८. महिला म्याराथुन कार्यक्रमको आयोजना गरी साहसिक खेलकुदको क्षेत्रमा पनि महिला सहभागिता प्रोत्साहित गरिनेछ।

**ख. पूर्वाधार विकास**

**३.१ भवन, आवास; बस्ती विकास तथा सार्वजनिक निर्माण**

१. लागत अनुमान धेरै भएका ठूला विकास आयोजनाहरु संघ एवं प्रदेश सरकारसँग माग गर्ने र संघ र प्रदेशबाट विनियोजित योजनाहरु कार्यान्वयनमा आवश्यक सहयोग र सहजीकरण गरिनेछ।
२. नेपाल सरकार तथा प्रदेश सरकारको समन्वय र सहकार्य गरी जोखिम संवेदनशील, परम्परागत तथा छरिएको बस्तीलाई भेग अनुसर सुरक्षित स्थान पहिचान, स्थानान्तरण, एकीकृत र व्यवस्थित बस्ती विकासमा गरिनेछ।
३. गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने सबै भवनहरुको भवन आचारसंहिता पालना गरी नक्सापास गरेर मात्र निर्माण गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ।
४. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत **खरको छाना मुक्त गर्ने** कार्यलाई निरन्तरता दिई आगामी आर्थिक वर्षको अन्त्यसम्म सुरक्षित आवासको प्रबन्ध मिलाईनेछ।
५. मूल सडकहरुमा सडक बत्तीको व्यवस्था गर्दै लगिनेछ। मुख्य बजार र चोकहरुमा क्रमशः सिसि क्यामेरा जडानको काम अघि बढाइनेछ।

**३.२ सडक, पुल तथा यातायात**

CamScanner

हुप्सेकोट गाउँपालिका, गाउँसभाको मिति २०८१।०३।०९ गते बसेको बैठकको निर्णय माइन्यूट

१. सडक गुरूयोजना, मापदण्ड तथा प्राथमिकता निर्धारण भएका सडकको क्षेत्र कायम गरी सडक विस्तार र स्तरोन्नति गरिनेछ।

२. सडक सुरक्षाका लागि ट्राफिक प्रहरी, चालक तथा सरोकारवालासँग समन्वय गरी जनचेतनाका कार्यक्रमहरु अगाडि बढाइनेछ।

३. सडक सञ्जालमा नजोडिएका गाउँ/बस्तीमा सडक पहुँचको सुनिश्चितता गरी पहाडी क्षेत्रमा समेत बाह्रै महिना सवारी आवतजावतको व्यवस्था मिलाईनेछ।

४. लागत सहभागितामार्फत न्यून स्रोतबाट उच्च प्रतिफलको प्राप्तिका लागि सार्थक र अर्थपुर्ण जनसभागिता अभिवृद्धि गरी दिगो पूर्वाधार निर्माण गरिनेछ। गाउँपालिकाभित्रका सामुदायिक क्षेत्रको लागत साझेदारीमा सडक कालोपत्रे लगायत अन्य विकास निर्माणका कार्यहरु संचालन गर्ने कार्यलाई अगाडि बढाईनेछ।

५। गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको हुप्सेकोट चक्रपथको ट्र्याक ओपन कार्य सम्पन्न भइसकेको हुँदा उक्त चक्रपथ सडक आयोजनाको स्तरोन्नतिको काम अघि बढाइनेछ।

६. विभिन्न सडकहरुको नामाकरण गर्ने कार्य प्रारम्भ भइसकेकोमा त्यसलाइ सम्पन्न गरिनेछ।

**३.३. जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा**

१. संघीय सरकारको सहयोगमा सतकुन क्षेत्रदेखि झ्यालबास सम्मको गिरुवारी खोलामा जल पर्यटन, माछा पालन र विद्युत उत्पादन लगायत बहुउद्देश्यीय प्रयोजनका लागि ड्याम निर्माणको काम थालनी गरिनेछ।

२. नेपालकै पहिलो पाइलटिङ प्रोजेक्टको रुपमा रहेको हावाबाट बिजुली उत्पादन गर्ने धौवादी वाइन्ड मिल, रुद्रपुर लाई संघ र प्रदेश सरकारको सहयोगमा मर्मत संभार गरि सञ्चालनमा ल्याइनेछ।

३. गाउँपालिकाको विद्युतमा पहुँच नभएका स्थानमा थप विद्युतीकरण गर्ने कार्यलाई यस वर्षपनि निरन्तरता दिईनेछ।

CamScanner

२. विकास निर्माणका कार्यहरु सञ्चालन गर्दा वातावरणीय असर र दिगो विकासको अवधारणा अनुसार सम्पन्न गरिनेछ।

३. सडक सौन्दर्यीकरणका लागि भूक्षय र पहिरो रोकथाम गर्न वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**४.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन**

१. प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट हुन सक्ने क्षतिको पूर्व अनुमान र पूर्व तयारीका साथ राहत, उद्धार, पुनस्थापना तथा पुनर्निर्माण जस्ता कार्यलाई जोड दिइनेछ ।

२. विद्यालय स्तरमा जलवायु परिवर्तन र यसको असर कारणबारे विभिन्न सचेतनामुलक कार्यक्रम गरिनेछ ।

**घ. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन**

**५.१ नीति, कानुन, न्याय तथा सुशासन**

१. नीति तथा कानुन निर्माणमा नागरिक सहभागिता अभिवृद्धि गर्न प्रस्तावित नीति, कानुन तथा कार्यविधि स्वीकृत गर्नु अघि सार्वजनिक रुपमा आह्वान गर्ने प्रणालीलाइ संस्थागत गरिनेछ ।

२. सार्वजनिक जवाफदेहिताका औजारहरुको नियमित रुपमा उपयोग गरी निर्वाचित पदाधिकारी र कर्मचारी तथा सेवाग्राही बीच सम्बन्ध तथा नागरिक प्रतिको जवाफदेहिता अभिबृद्धि गरिनेछ ।

३. सूचना तथा गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन सूचना प्रविधिमा आधारित एवम् अन्य संयन्त्रको व्यवस्था गरिनेछ ।

४. नीति, कानून, योजना तथा निर्णयहरु नियमित रुपमा वेभसाइट मार्फत सार्वजनिक गर्ने र प्राप्त पृष्ठपोषणलाइ नीति, कानुन तथा योजनामा समावेश गर्ने व्यवस्था गरिनेछ ।

५. गाउँपालिकाको खरीद प्रणालीलाई अनलाइन, पारदर्शी र आवधिक तथा वार्षिक नीति, कार्यक्रम तथा बजेट र कार्ययोजनासँग अन्तरसम्बन्ध स्थापना गरिनेछ ।

६. पोखरा महानगरपालिका, ललितपुर महानगरपालिका लगायतका स्थानीय सरकारहरुसँग र विदेशका विभिन्न स्थानीय सरकार सँग भगिनि सम्बन्ध कायम गरी असल अभ्यास र सहयोग आदानप्रदान गरिनेछ।

**५.२ संगठन, मानव संशाधन, क्षमता विकास तथा सेवा प्रवाह**

१. संगठन तथा व्यवस्थापन सर्वेक्षण समयसापेक्ष पुनरावलोकन गरी कर्मचारी संगठन संरचना, दरबन्दी र कार्यविवरण अद्यावधिक गरी कार्यसम्पादन सेवाग्राही र प्रोत्साहनमा आधारित बनाइनेछ ।

CamScanner

२. आवश्यक नीतिगत तथा कानुनी व्यवस्थाको प्रबन्ध गरी दक्ष कर्मचारी व्यवस्थापन, सेवा प्रवाह तथा कर्मचारी प्रोत्साहन प्रणालीलाई नतिजामा तथा कार्यसम्पादनमा आधारित बनाईनेछ।

३. विषय क्षेत्रगत सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउँदै लगिनेछ।

४. सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी सेवा प्रवाहमा निरन्तर सुधारको व्यवस्था मिलाइनेछ।

५. यस गाउँपालिकामा कार्यरत विभिन्न सेवाका स्थायी, करार तथा ज्यालादारिमा कार्यरत राष्ट्रसेवक कर्मचारी र गाउँपालिका अन्तरगत पर्ने सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई **जनशक्ति र कर्मचारीको क्षमता विकास योजना** तयार गरि क्षमता विकासमा लगानी वृद्धि गर्दै लगिनेछ।

६. स्थानीय सरकारलाई स्थानीय जनता प्रति पारदर्शी र जवाफदेहि वेनाई राख्नका लागि चौमासिकरुपमा गाउँपालिकाको प्रगती समिक्षा र सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ।

७. विषेश गरि कुनै कारणले सार्वजनिक सेवा प्राप्त गर्न कठिनाई भोगिरहेका वडा न. २, ४, ५ र ६ का नागरिकलाई मध्येनजर गर्दै कम्तिमा वर्षको दुई पटक घुम्ती सेवाको शुरुवात गर्ने।

**५.३ राजस्व तथा स्रोत परिचालन**

१. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिधिभित्र रहि राजश्व संकलनका सवै सम्भावना र क्षेत्रहरुको खोजि गर्दै राजश्व सुधार कार्ययोजना तयार गरी प्रगतिशिल र समतामुलक रुपमा करका दरहरु निर्धारण गरिनेछ।

२. आन्तरिक श्रोत परिचालनका लागि कर र गैरकर राजस्व परिचालन सम्बन्धी कानुन, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गरिनेछ।

३. राजश्व परिचालनका विद्यमान कानूनी व्यवस्था तथा वित्तिय साक्षरता सम्बन्धमा जनप्रतिनिधि, कर्मचारी, समुदाय, व्यवसायी तथा सरोकारवाला लागि सचेतना कार्यक्रम संचालन गरिनेछ।

४. राजश्व सुधार कार्ययोजना तर्जुमा गरी राजश्व परिचालनका सम्भाव्य क्षेत्रहरुको अध्ययन गरी राजश्वको परिचालनको क्षेत्र, दायरा, दर तथा राजस्व प्रशासनमा सुधार गर्दै लगिनेछ।

५. नदीजन्य पदार्थ चोरी निकासी न्यूनीकरण तथा राजस्व प्रशासन मा सूचना प्रविधिको अधिकतम प्रयोग मार्फत राजस्व संकलनलाइ प्रभावकारी बनाइनेछ।

६. कर प्रशासनलाई सेवाग्राहीमैत्री बनाउने र सेवा प्रवाहलाई राजस्व परिचालनसँग आवद्ध गरी आन्तरिक आय बृद्धि गर्दै लगिनेछ।

७. हाटवजार र कवाडी जन्य वस्तुलाई ठेक्का माध्यमबाट करको दायरामा ल्याइनेछ।

CamScanner

हुप्सेकोट गाउँपालिका, गाउँसभाको मिति २०८१।०३।०९ गते बसेको बैठकको निर्णय माइन्यूट

८. गाँउपालिकामा सबैभन्दा धेरै र नियमित रुपमा कर तिर्ने करदातालाई सम्मान गरिनेछ र समयमा कर नतिर्नेलाई गाँउपालिकाबाट दिइने सेवा सुविधा र सिफारिस रोक्का गरिनेछ।

९. **समृद्ध हुप्सेकोट हाम्रो रहर गौरवका साथ तिरौं कर भन्ने नाराका साथ राजश्व अभियान वर्ष** २०८१ मनाइनेछ।

**५.४. तथ्याङ्क, योजना तथा तथा विकास व्यवस्थापन**

१. सूचना अभिलेख प्रणालीलाइ सूचना प्रविधिमैत्री, कार्यसम्पादन तथा नतिजामूलक बनाइनेछ।
२. प्रमाणमा आधारित तथा नतिजामुखी योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी, निर्णय प्रक्रिया, सिकाइ र जवाफदेहितालाई प्रमाणमा आधारित बनाइनेछ।
३. सूचना प्रणालीको विकास, व्यवस्थापन तथा उपयोगमा संघ, प्रदेश सरकार तथा विकास साझेदार संस्थासँग समन्वय, सहकार्य र साझेदारीको प्रयास गरिनेछ।
४. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीलाई सहभागितामूलक तथा नतिजामूलक बनाउँदै लगिनेछ।

**अन्त्यमा,** यस नीति तथा कार्यक्रम तर्जुमामा राय सुझाव दिनुहुने संघ तथा प्रदेशका माननीय सांसदज्यूहरु, विभिन्न राजनितिक दल, नागरिक समाज, विभिन्न संघसस्था लगायतका सामुदायिक क्षेत्र, निजि क्षेत्र एवं देश विदेशमा रहनुभएका समस्त हुप्सेकोटवासिहरुलाई धन्यवाद व्यक्त गर्दछु। यस नीति तर्जुमा गर्न अहोरात्र खटिइ सहयोग गर्नुहुने सम्पुर्ण जनप्रतिनिधिज्यू र राष्ट्रसेवक कर्मचारीहरुलाई विशेष धन्यवाद व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा आम हुप्सेकोटबासी दाजुभाइ दिदीबहिनीहरुको पूर्ण सहयोग रहनेछ भन्ने विश्वास लिएको छु।

धन्यवाद्।

CamScanner